"वर्तमानको साझेदार भविष्यको आधार हाम्रो बालबालिका
बालश्रम/बालविवाह मुक्त मनहरी गाँउपालिका"

मनहरी गाउँपालिकाको कार्यालय

रजैया ,मकवानपुर

# बालमैत्री गाउँपालिका घोषणा प्रतिवेदन

२०७६ पौष २८ गते

**प्रतिवेदन पेश गर्ने निकाय : मनहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, रजैया,मकवानपुर**

**प्रतिवेदन पेश हुने स्थान : बालमैत्री गाउँपालिका घोषणा समारोह**

मकवानपुर जिल्लाको यस मनहरी गाउँपालिका बालमैत्री स्थानीय तह घोषणा समारोहका अध्यक्ष श्री एकराज उप्रेती ज्यु,

- प्रमुख अतिथिको रुपमा मंचमा आसिन उपप्रधान मन्त्री तथा रक्षा मन्त्री  माननिय श्री ईश्वर पोखरेल ज्यु,
- बिशिष्ट अतिथि को रुपमा मंचमा आसिन प्रदेश नं. ३ का माननिय मुख्य मन्त्री श्री डोरमणी पौडेल ज्यु,
- अतिथिको रुपमा मंचमा आसिन प्रदेश मन्त्रालयका माननिय मन्त्री ज्युहरु
- संघिय संसदका माननिय सासंद ज्युहरु,
- प्रदेश नं. ३ का माननिय सासंद ज्युहरु
- जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ज्यु,एबम् उपप्रमुख ज्यु
- नगरपालिकाका प्रमुख/उपप्रमुख ,गाउँपालिकाका अध्यक्ष एबम् उपाध्यक्ष ज्युहरु
- प्रमुख जिल्ला अधिकारी ज्यु
- जनपथ प्रहरी तथा शसस्त्र प्रहरी का उपरीक्षक ज्युहरु,
- ९ वटै वडाका वडा अध्यक्ष ,कार्यपालिकाका सदस्य ज्युहरु ,सम्पुर्ण वडाका  सदस्य ज्युहरु,
- प्रमुख प्रशासकिय अधिकृत ज्यु
- सम्पूर्ण राजनैतिक दलका प्रमुख एबम् प्रतिनिधी ज्युहरु
- बालमैत्री राष्टिय सहजकर्ता ज्यू
- संचार क्षेत्रमा कार्यरत सम्पुर्ण संचार कर्मी ज्युहरु

- **गाँउपालिका बाल संजालका अध्यक्ष ज्यु,**
- **गााँउपालिका स्तरीय बालमैत्री समिति ,गााँउ बालअधिकार समिति ,बालमैत्री टाक्स फोर्स समिति ,का पदाधिकारी ज्युहरु,**
- **आज उपस्थित संघ ,संस्था ,समुह संगठनका प्रमुख एंव प्रतिनिधि ज्युहरु**
- **गााँउपालिकामा कार्यरत विभिन्न बिषयगत शाखाका प्रमुख एंव राष्ट्रसेवक कर्मचारीहरु**
- **मंञ्चमा आसिन बिभिन्न तह/तप्का/ओहदाका आदरणिय महानुभाव हरु**
- **आज यस घोषणा समारोहमा उपस्थित सम्पुर्ण महानुभावहरु**

वर्तमानका साझेदार भविष्यका आधार बालबालिका को अधिकार सुनिश्चितताका लागि बालबचाउ, बालसंरक्षण , बालबिकास र अर्थपुर्ण बालसहभागिता लाई स्थानीय तहको निति ,संरचना, कार्यप्रक्रिया , प्रणाली र व्यवहारमा संस्थागत गर्दै मनहरी गाँउपालिकाको १ नं. वडा देखि ९ नं. वडा र सिंगो गाँउपालिका नै नेपालको पहिलो बालमैत्री गाँउपालिका घोषणा समारोहका प्रमुख अतिथि ज्यु लगायत उपस्थित सम्पुर्ण अतिथि ज्युहरुमा यो प्रतिबेदन प्रस्तुत गर्न  चाहन्छु ।

यस ऐतिहांसिक घडीमा राष्ट निर्माणमा आफ्नो जिबन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

## १. मनहरी गाउँपालिकाको संक्षिप्त परिचय

मनहरी गाउँपालिका नेपालको ३ नं प्रदेश अन्तर्गत मकावानपुर जिल्लामा पर्दछ । १९९.५२ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा हेटैांडा उ.म.न.पा., पश्चिममा चितवन राष्ट्रिय निकुन्ज, उत्तरमा राक्सीराङ्ग गाउँपालिका र दक्षिणमा पर्सा राष्टिय निकुन्ज पर्दछन् । २०७३ फागुन २२ गते साविकका मनहरी र हाँडिखोला गा.वि.स. समावेश गरी स्थापना भएको यस गांउपालिकालाई जम्मा ९ वटा वडामा बिभाजन गरिएको छ । मकवानपुर जिल्लामा  गठन भएका स्थानीय तहहरुमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा मनहरी गाउँपालिका रहेको छ । यसका अतिरीक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । घरधुरी सर्वेक्षण २०७६ अनुसार कुल घरधुरी ८६५५ र **४६,८५३** जनसंख्या रहेको यस गांउपालिकामा सामुदायिक बिद्यालय ३२ वटा, निजी बिद्यालय  ८ वटामा गरी ४० वटा बालबिकास केन्द्र रहेकाछन् भने वडा नं १ देखि ९ सम्म बालसमुह र बाल  संजाल गरी ८८ वटा रहेका जसमा

७६१ जना बालबालिका आबद्ध भएका छन् । वडा बालमैत्री समितिहरु ,बालअधिकार समिति ,टाक्स फोर्स समिति ,युवा क्लब , किशोरी संजाल ,आमा समुह ,टोलबिकास संस्थाहरुका साथै बिभिन्न सामुदायिक संस्थाहरु क्रियाशिल रहेका छन् । मानवीय विकास संग सम्बन्धित पूर्ण साक्षरता युक्त, खुल्ला दिशा मुक्त क्षेत्र, पूर्ण खोप युक्त,दुई वटा वडा बालबिबाह मुक्त लगायतका महत्वपूर्ण अभियानहरुलाइ सफल बनाइसकेको यस गाउँपालिकाले आ.व.२०७४/०७५ को दोस्रो गाउँ सभा द्वारा नितिगत निर्णय गरी तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा जारी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति एवं बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ,घोषणा कार्यविधि २०७०, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन गरेर कार्यान्वयनमा ल्याएको छ । यस अन्तर्गतका सूचक एवं खुड्किलामा काम गर्ने सन्दर्भमा मनहरी गाउँपालिकाको जनप्रतीनिधि,कर्मचारी, राजनीतिक दल, अभिभावक, शैक्षिक संस्था, स्वास्थ्य संस्था, बालबालिका लगायत सम्पूर्ण सरोकारवालाहरुमा सकारात्मक विचार र बालमैत्री व्यवहार स्थापित हुनुका साथै समाज रुपान्तरणको थालनी भएको छ । जसको निरन्तरता एवँ दिगोपनाकोलागि पञ्चवर्षिय रणनितिक योजना समेत तयार गरिएको कुरा अवगत गराउन चाहन्छु । नेपालले अन्तराष्ट्रिय बालअधिकार महासन्धी १९८९ लाई २०४७ भाद्र २९ गते अनुमोदन गरे पश्चात हाम्रो देशमा बालअधिकार संरक्षण गर्ने बहसको थालनी भएको देखिन्छ । बालअधिकारलाई संस्थागत गर्नका लागि तत्कालिन बालबालिका ऐन २०४८ ,हालको बालबालिका ऐन २०७५ ,नेपालको संविधान २०७२ को भाग ३ मैलिक हक धारा ३९ आदी कानुनी र नितिगत व्यबस्था रहेको आधारमा यस मनहरी गाँउपालिकाले बालमैत्री स्थानीय शासन अबलम्बन संग सम्बन्धित विभिन्न नितिगत निर्णय गरी २०७५ को बैशाख २४ र २५ गते राष्ट्रिय सहजकर्ता श्री बिष्णुप्रसाद चौबे ज्युको सहजीकरणमा बालमैत्री स्थानीय शासन पद्धतीको अबलम्बन तथा घोषणा सम्बन्धी गाँउपालिका स्तरीय अभिमुखिकरण कार्यक्रम संचालन गरी यस पद्धतीको बिधिवत कार्यान्वयन सुरुवात पश्चात आज घोषणाको चरणमा आईपुगेका छौं । कार्यान्वयनको क्रममा वडा तथा गा.पा. स्तरिय बिभिन्न अभिमुखिकरण, गाउंसभा, कार्यपालिकाको वैठक द्धारा निति रणनिति कार्ययोजना तर्जुमा,संस्थागत संरचनाको गठन, सरोकारवालाको प्रतिवद्धता, न्युनतम सूचकको निर्धारण र कार्यान्वयनका तहगत खुडकिलाहरु सफताकासाथ पार गरि बालबालिकाको स्थीति पत्र समेत प्रकाशन गरेका छौं ।

## २. बालमैत्री गांउपालिका निर्माणका लागि शुरुवात, अवसर र चुनौतीहरुः

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेहि बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि -२०६८ तथा नेपालको संबिधान २०७२ को मौलिक हक ,बालबालिका ऐन २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ मा बालबालिका केन्द्रित कानुन तयार हुनु आफैमा एउटा अवसर हो । बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा

अन्तरनिहित गर्दै कार्यान्वयन गर्न बनेको निर्दिष्ट कानुन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन प्रणालीलाई प्राथमिकताकासाथ अगाडी बढाईएको हो ।

आ.व.२०७४/०७५ देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचकमा विभिन्न नतिजामुखी कार्य गर्नकोलागी परिचालित वडागत बालसमुह,गांउ बालसंजाल,गांउ बालअधिार समिति,टाक्स फोर्स समिति (कार्यान्वयन कार्यदल) को अथक पहलमा र गाउँपालिकामा कार्यरत बाल कल्याण समाज, सिवीन बाल हेल्पलाईन, सि.सि.डी एन, सि.डि.ओ.नेपाल लगायतका गैरसरकारी संस्थाहरुले समेत सहयोगीको रुपमा कार्यक्रम सफल बनाउन योगदान पुऱ्याएको कुरा स्मरण गर्न चाहन्छु । यधपी बालमैत्री स्थानीय तह घोषणाका लागि कार्यालयले थप उर्जाशील भई कार्ययोजना सहीत योजनाहरु कार्यान्वयनमा ल्याईएकोलेनै यो घोषणा सभा आयोजना गर्न सम्भव भएको हो । अतः यस गरिमामय घोषणाको आयोजना गर्न पाउनुलाई ऐतिहांसिक सफलताको रुपमा लिएका छौं ।

मानबिय बिकास संग सम्बन्धित विभिन्न सूचकांकहरु पूरा गर्न विशेष गरी हाम्रो जस्तो बिबिधतायुक्त समाजमा निकै संघर्ष गर्नुपर्ने हुन्छ । यस मनहरी गाउँपालिकामा बालमैत्री घोषणाकालागी प्रशस्त सम्भावना भए पनि दिगोपना कायम गर्न केही चुनौतीहरु रहेका छन् । जसलाइ बुँदागत रुपमा यस प्रकार प्रस्तुत गरिएको छ :

**बालमैत्री घोषणाका चुनौतीहरु :**

१.बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति एवं कार्यान्वयन कार्यविधि २०६८ मा तोकिएका सूचक बमोजिमको नतिजालाइ प्रभावकारी रुपमा टिकाइराख्न ।

२.बालमैत्री स्थानीय शासन लाइ सफल बनाउन विषयगत कार्यालय र अन्य संघसंस्थालाइ निरन्तर विशेष जिम्मेवारी वोध गराउन ।

३.बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा तोकिएको बाल बचाउ अन्तर्गत तेश्रो र सातौ दिनमा सुत्केरी र नवजात शिशुको जाँचलाइ प्रभावकारी गराउन ।

४.बालबालिकाका हरेक वर्ग, समुदाय, लिंग, क्षेत्र जाति आदि सबै जनतामा बालमैत्री आचारसंहिताको सफल व्यवहारिक पक्ष कार्यान्वयन गर्न ।

५.बालकोषको निरन्तरता एवं वृद्धि गर्न ।

६.बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता पक्षको उच्चतम प्रवर्द्धन गर्न ।

**बालमैत्री घोषणाका सम्भावनाहरु :**

१.बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति,कार्यान्वयन कार्यविधि २०६८ एवं घोषणा कार्यविधि २०७० ले बालमैत्री स्थानीय तह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु ।

२.स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा १२ को ग अनुसार जनप्रतिनिधिहरुको कार्य सम्पादनमा टेवा पुग्नु ।

३.स्वास्थ्य र शैक्षिक संस्था लगायतका विषयगत निकाय र अन्य सामाजिक संघसंस्थाहरुसंग राम्रो समन्वय रहनु ।

४.बालमैत्री स्थानीय शासन गाउँ समिति,जनप्रतिनिधि, कार्यायोजना कार्यान्वयन कार्यदल, राजनीतिक दल, गाउँ बाल संरक्षण समिति, वडा CFLG समिति लगायत संरचनाको सक्रियता ।

५.बालमैत्री स्थानीय शासनका ३९ सूचकमध्ये  सम्पूर्ण सूचकमा तोकिए बमोजिमको नतिजा प्राप्तीको अवस्था राम्रो हुनु ।

६.गाउँपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भईसकेको ।

७.गाउँपालिका पुर्णखोपयुक्त  घोषण भईसकेको ।

८.मकवानपुर जिल्ला सडक मानव मुक्त घोषणा भईसकेको ।

९.गाउँपालिकाको दुई वडा (नं.८ र ९) बालविवाह मुक्त घोषणा भईसकेको ।

१०.मकवानपुर जिल्ला पुर्ण साक्षर घोषण भएको ।

११.गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भए पछी ०

होम डेली भरी कार्यक्रम लागु भएको ।

१२.समुदाय र विद्यालयमा गरी ७८ ओटा बालसमुह र ९ ओटा वडा स्तरीय बाल संजाल र उक्त समुहको प्रतिनिधिहरु बाट १ ओटा गाउँपालिका स्तरीय बाल संजाल गठन भई सक्रिय रुपमा परिचालन ।

१३.मनहरी गाउँपालिका स्थानीय बासीद्धारा बालमैत्री स्थानीय तह घोषणामा पूर्ण सहयोग ।

१४.शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका,सामाजिक शाखा,टोल बिकास संस्था, महिला सहकारी लगायत विषययगत निकायहरुद्धारा आफ्नो क्षेत्रमा नेतृत्व लिई सक्रिय ।

१५. मातृ तथा शिशु मृत्युको घटना शुन्य प्राय रहेको ।

१६.वडा स्तरीय बाल समुह तथा गांउ बाल संजाल,गांउ बालअधिकार समिति,टास्कफोर्स समितिको सकृयता व्यापक रहेको ।

१७ यस सम्बन्धि बिज्ञको निरन्तर सहजिकरण रहनु ।

**आदरणीय महानुभावहरु,**

बालमैत्री स्थानीय शासनको यो अभियानलाई सफल बनाउन गाउंपालिकाको एकल प्रयासले मात्र सम्भव थिएन । यस महान कार्यलाई घोषणाको तह सम्म ल्याई पु्याउन वडाका जनप्रतिनिधि, कार्यपालिका सदस्यहरु, कर्मचारी लगायत सम्पूर्ण संस्थागत संरचना तथा संयन्त्रको साथै बिद्यालयहरु, स्वास्थ्य संस्थाहरु, प्रहरी प्रशासन, सवाल मिल्ने संघसंस्थाहरु, युवाक्लबहरु,

बालअधिकार समितिहरु, टोल विकास संस्थाहरु,महिला सहकारीहरु, स्वास्थ्य स्वयमसेबिकाहरु, बिभिन्न बालसमूह संजाल, उद्योगी, ब्यापारीहरु, राजनितिक दलहरु साथै समग्र वडा, गापा वासीहरुको साथ र सहकार्यले मात्र संम्भव भएको हो ।

यस्तै वडा, गापा स्तरिय बालमैत्री समिति, टाक्सफोर्स, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला तथा बालबालिका बालमैत्री शाखा, सामाजिक बिकास शाखा, यहाका संचार कर्मीहरु, बाल सरोकारका बिषयमा प्रत्यक्ष सरोकार साख्ने सरकारी गैरसरकारी संस्थाहरुको सहयोग समन्वय र निरन्तर आ आफ्नो जिम्मेवारीको कार्य कुशलताकासाथ सम्पादन गरी यस कार्यलाई सफल बनाउन लागी पर्ने सबै बिषयगत शाखा फांटका साथै समग्र कार्यको नेतृत्वकर्ता गाउंपालिकाका अध्यक्ष श्री एकराज उप्रेती र बालमैत्री स्थानीय शासन तालिम राष्ट्रिय सहजकर्ता श्री बिष्णु प्रसाद चौबेलाई बिशेष धन्यबाद दिदै अन्त्यमा फेरी पनि बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि हामी ९ वटै वडा तथा सिंगो गाउंपालिका प्रतिबद्ध रहेको संकल्प दोहोऱ्याउदै आजका प्रमुख अतिथि माननीय उपप्रधान मन्त्री रक्षा मन्त्री श्री ईश्वर पोखरेल ज्यू प्रति सम्पूर्ण मनहरी गाउंपालिकाको तर्फ वाट कृतज्ञता जाहेर गर्दै बिदा हुन चाहन्छु । जय बालबालिका ।

**प्रतिवेदन प्रस्तुतकर्ता**
**उपाध्यक्ष मनिला बिष्ट**
मनहरी गाउंपालिका
रजैया मकवानपुर

## सूचकहरुको अन्तिम अवस्था मापन बिबरण

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका बालबचाउ,बालसंरक्षण,बालबिकास,बालसहभागिता र संस्थागत बिकास सम्बन्धी सूचकहरुको **गाउं पालिका स्तरिय अन्तिम अवस्था** यस प्रकार रहेको छ :

| **सूचक** | **आधार वर्षको अवस्था % ( २०७५)** | **हालको अवस्था % २०७६ कातिक सम्म** | **घोषणाको लागी आवश्यक%** | **सुचनाको ब्याख्या** |
|---|---|---|---|---|
| ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको | ८६ | ९२.५८% | ८० | ४६० जना मध्ये ४२९ जनाले पूर्ण स्तनपान गरेको । |
| २३ महिना भित्रका बालबालिकाले पूर्णरुपमा खोप पाएको | १०० | १००% | १०० | सतप्रतिशत बालबालिकाले पूर्ण खोप पाएको, **पूर्णखोप घोषणा** |
| छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको | १०० | १००% | १०० | ४१३५ जना सत प्रतिशतले खाएको |
| गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको | ८५ | ९० % | ८० | ९०५ आमा मध्ये ८१५जनाले स्वास्थ्य संस्थामा सुत्केरी गराएको |

| सूचक | आधार वर्षको अवस्था % ( २०७५) | हालको अवस्था % २०७६ कार्तिक सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको ब्याख्या |
|---|---|---|---|---|
| गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको | ९० | ९४.८०% | ८० | ९०५जना आमा मध्ये ८५८ जनाले चार पटक जाँच गराएको,पश्चात पहिलोपटक ८१५,दोस्रो पटक ७३४ले जांच गराएको |
| गर्भवती महिलाले टिडी विरुद्धको २ वटा खोप लगाएको | ८० | ९४.८०% | ८० | .९०५ जना आमा मध्ये ८५८ले टिडि लगाएको |
| गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की खाएको | ८० | ९० % | ८० | ९०५जना आमा मध्ये ८१५ ले २२५ आइरन चक्की खाएको |
| एच्आईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकालाई ARV Prophylaxis दिएको | नभएको | १०० % | १०० | संक्रमित आमा नभएको |
| सबै घरधुरीमा शुद्ध खानेपानीको सुविधा भएको | ९० | १०० % | १०० | सबै घरधुरी |
| साबुन पानीले हात धुने परिपाटीको विकास भएको | ९५ | ९३.८८% | ८० | ८६५५घरधुरी मध्ये ८१२६ले धुने गरेको |

**बाल संरक्षणका सूचकहरुको अवस्था**

| सूचक | आधार वर्षको अवस्था % ( २०७५) | हालको अवस्था% २०७६,कार्तिक सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको ब्याख्या |
|---|---|---|---|---|
| ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको | ८०.०७५(१८ बर्ष मुनी) | १०० | १०० | १५७३९जना मध्ये सबैको जन्मदर्ता भएको |
| बाल विवाहको संख्यामा कमी आएको (**बिगत ३ बर्ष,२० बर्ष मुनि** ) | ४१.९४ | १०० (०) | ८० | १८ वर्ष भन्दा कम उमेरमा ११ वटा बाल विवाह भएका र बदर गरिएको |
| निकृष्ट प्रकारको बालश्रम दर घटेको | ९७.३५ | ९८.४२ | ८० | बालश्रममा १९४ जना रहेका छन |
| घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको | ५० | ९४.११ | ८० | छापिएको बाल संरक्षण नीति तथा कार्ययोजना |
| बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याएको | ७० | ९३.८८ | ८० | गठन भई सकृय रहेको |

**बालविकास सम्बन्धी सूचकहरुको अवस्था**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका बालबालिकाको विकासको अधिकार सम्बन्धी सूचकहरुको अवस्था यस प्रकार रहेको छ :

| सूचक | आधार वर्षको अवस्था % २०७५ | हालको अवस्था % २०७६ कार्तिक सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको ब्याख्या |
|---|---|---|---|---|
| ३ देखी ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका | ७८ % | ९५.४१% | ८० | ३ देखी ४ बर्षका १८५५जना बालबालिका मध्ये१७६०.जना भर्ना भएको |
| कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका | ९७ % | १००% | १०० | ५ वर्ष उमेरका १२९१जना मध्ये सबै बिद्यालय भर्ना |
| ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका | ९१ % | ९३.७८% | ८० | ५ देखि १२ वर्षका ६९३५ बालबालिका मध्ये जना ६५०४ ले आधारभूत शिक्षा प्राप्त गरिरहेको |
| औपचारिक शिक्षाबाट बंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको | ९२ | ९३.७८% | ८० | कुनै पनि बालबालिका औपचारिक शिक्षाबाट वन्चित नभएको |
| प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको | १०० | १००% | ८० | ४० ओटै विद्यालयमा रहेको |
| प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको | १०० | १००% | १०० | सबै विद्यालयमा हुने गरेको |

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका बालबालिकाको सहभागिताको अधिकार सम्बन्धी सूचकहरुको अवस्था यस प्रकार रहेको छ :

| सूचक | आधार वर्षको अवस्था % ( २०७५) | हालको अवस्था% ( २०७६)कार्तिक सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको ब्याख्या |
|---|---|---|---|---|
| स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको | ० % | १००% | ८० | योजना छनौटका लागि वडामा हुने भेलाहरुमा बालसहभागिता |
| स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको | ९० % | १००% | १०० | बालभेलामार्फत योजना समेट्ने गरिएको । |

| सूचक | आधार वर्षको अवस्था % ( २०७५) | हालको अवस्था% ( २०७६)कार्तिक सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको व्याख्या |
|---|---|---|---|---|
| स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व गराउने संरचना निर्माण भएको | ८० % | १००% | १०० | सबै वि.व्य.स.मा बाल सहभागिता |
| स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व भएको | | १००% | १०० | स्वा.व्य.स.मा बाल सहभागिता |
| प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको | ८५ % | १००% | १०० | ७७वटा बालसमूह,वडा बालसंजाल ९वटा गापा संजाल १वटा गठन भई सक्रिय छन |
| जिल्ला, नगर तथा गाउँ तहमा बाल संजाल गठन भएको | १०० % | १००% | १०० | गापा बाल संजाल गठन |

**संस्थागत सूचकको अवस्था**
मनहरी गाउँपालिकामा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका संस्थागत सूचकहरुको अवस्था यस प्रकार रहेको छ :

| सूचक | आधार वर्षको अवस्था % ( २०७५) | हालको अवस्था% ( २०७६ कार्तिक सम्म) | घोषणाको लागी आवश्यक% | सुचनाको व्याख्या |
|---|---|---|---|---|
| स्थानीय तहको सभा नियमित रुपमा संचालन भएको हुनेछ | १०० | १००% | १०० | सभाको माइन्युटमा प्रमाणित हुने |
| स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन । | ० | १००% | १०० | आचारसंहिता तयार गरी कार्यान्वयनमा आएको |
| स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ । | ० | १००% | १०० | गापा र वडा स्तरीय बालमैत्री समिति गठन |
| स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | १००% | १००% | ८० | वि.व्य.स.नियमित वैठक र बाल सहभागिता |
| स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | ८० % | १००% | ८० | स्वा..व्य.स.नियमित वैठक र बाल सहभागिता |
| स्थानीयस्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन् । | ९० % | १००% | ८० | ....ओटा वा.वि./ पूर्व प्रा.वि.संचालनमा रहेको |
| स्थानीयस्तरमा बालक्लवहरुको सक्रियता रहनेछ | ८५ % | १००% | ८० | ..... बालसमूह गठन र |

| सूचक | आधार वर्षको अवस्था % (२०७५) | हालको अवस्था% (२०७६ कार्तिक सम्म) | घोषणाको लागी आवश्यक% | सुचनाको ब्याख्या |
|---|---|---|---|---|
| | | | | सक्रिय |
| स्थानीयस्तरमा प्यारालिगल कमिटि जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता कमिटिहरु बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् । | ६५ | ९५ % | ८० | बाल संरक्षण समिति गठन र क्रियाशिल |
| स्थानीयस्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ । | १००% | १०० % | ८० | वडा र गापामा बाल संजाल गठन र जिल्लामा समेत प्रतिनिधित्व भएको |
| बालबालिकाकालागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | ० | १०० % | १०० | बालबालिकाको लागि लगानी योजना बनेको |
| जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाका संग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ | ९० | १०० % | ८० | हरके वर्ष एकिकृत नीति तथा योजना बन्ने गरेको |
| बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ | ० | १०० % | १०० | प्रकाशित पुस्तिका |